# नेपाली उपन्यासमा किराती सौन्दर्य

**धनप्रसाद सुवेदी**[१]

<subedidhanp@gmail.com>

DOI : https://doi.org/10.3126/kp.v5i5.95199

## लेखसार

*नेपाली उपन्यासमा किराती सौन्दर्यलाई के कसरी प्रस्तुत गरिएको छ भन्ने विषयमा यो लेख केन्द्रित छ । किराती नेपालको प्राचीन जातिको नाम हो । नेपालमा विकसित भएका पुराना सभ्यतामध्येको एक किरात सभ्यताको प्रवर्तकका रूपमा रहेको किराती जातिले विकास गरेका सौन्दर्य मूल्य अर्थात् किरात क्षेत्रमा विकास भएको सौन्दर्यको प्रभाव नेपाली साहित्यका सबैजसो विधामा देख्न सकिन्छ । यस अध्ययनमा नेपाली भाषामा लेखिएका उपन्यासहरूमा किराती सौन्दर्यको अवस्थाको अध्ययन गरिएको छ । किराती सौन्दर्यका प्रमुख मानकका रूपमा विशिष्ट भूगोल, सामाज तथा संस्कृति, भाषा, इतिहास र अधिकारप्रतिको सचेततालाई आधार मानेर गरिएको प्रस्तुत अध्ययनका आधारमा हेर्दा किराती जातिका सामाजिक, सांस्कृतिक, ऐतिहासिक, भाषिक अवस्था तथा किराती जातिको अधिकार र पहिचानलाई उपन्यासमा स्थापना गर्ने प्रयत्न भएको पाइन्छ । नेपाली उपन्यासमा किराती जातिका पात्र, परिवेश, पहिचान र सौन्दर्यको प्रयोग भएका उपन्यासहरूमा रूपनारायणसिंहको **भ्रमर (१९९३)**, ताना शर्माको **ओझेल पर्दा (२०२२)**, विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२५), खगेन्द्र प्रधानाङ्गको **हारी (२०५०)**, विष्णु आभूषणको **अनायास (२०५१)**, शिवकुमार राईको क्षितिज **पारिमा (२०५१)**, धनप्रसाद सुवेदी 'श्रमिक' को सानो **स्वार्थ भयङ्कर अपराध (२०५२)**, **परिवर्तित संस्करण, २०७८)**, मोहन विरहीको **गाउँले नानी (२०५९)**, शालिक शातासकको **प्यारूला (२०५९)**, रत्न सुन्चेउरीको **सीमा (२०६०)**, रामकृष्ण बान्तवाको **सघन तुवाँलो (२०६४)**, देश सुब्बाको **आदिवासी (२०६४)**, राजन मुकारूङद्वारा लेखिएका **हेत्छाकुप्पा (२०६५)** र **दमिनी भीर (२०६९)**, गणेश रसिकद्वारा लिखित **आकाशगंगाको ओतमुनि** (परिवर्तित संस्करण, २०७६) आदि रहेका छन् । किराती सौन्दर्यको सघन उपस्थिति भने राजन मुकारूङका उपन्यासमा पाइन्छ ।*

**शब्दकुञ्जी :** पहिचान, मानक, विशिष्ट भूगोल, सौन्दर्य, हेत्छाकुप्पा ।

## विषयपरिचय

किराती नेपालको प्राचीन जाति र सभ्यताका रूपमा रहेको छ । नेपालमा लामो समय शासन गरेको यो जातिको आफ्नै भूगोल, इतिहास, भाषा र विशिष्ट सभ्यतासमेत रहेकाले कला साहित्यका क्षेत्रमा किराती सौन्दर्य चिन्तनसमेत अलग्गै रहेको भनेर सौन्दर्य चिन्तकहरूले बताउँदै आएका छन् र किराती सौन्दर्यशास्त्रको अवधारणा र मान्यता पनि विकास भएको पाइन्छ । त्यसैले यहाँ किराती सौन्दर्यका दृष्टिले नेपाली उपन्यासको अध्ययन गरिएको छ । प्रस्तुत लेखमा आधुनिक नेपाली

१ आञ्चलिक उपन्यासमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि गर्नुभएका डा. सुवेदी त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पसका सह-प्राध्यापक एवम् नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव हुनुहुन्छ ।

उपन्यासमा किरात जातिका विषय, पात्र, परिवेश, भाषा, संस्कृति, पहिचानलाई के कसरी प्रस्तुत गरिएको छ भन्ने विषयको सामान्य सर्वेक्षण गरिएको छ । नेपाली उपन्यासमा किराती सौन्दर्य के कसरी आएको छ ? यही शोध्य प्रश्नका सन्दर्भबाट नेपाली उपन्यासमा किराती सौन्दर्यको प्रयोगको अवस्थाको खोजी यस अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालयबाट लिइएको छ । यस अध्ययनमा आवश्यकताअनुसार सर्वेक्षण, व्याख्या, विश्लेषण, तुलना आदि विधिको अनुसरण गरिएको छ ।

## सैद्धान्तिक पर्याधारः किराती सौन्दर्य

किरातका बारेमा हिन्दूहरूको आदिग्रन्थ ऋग्वेदमै चर्चा गरिएको र ऋग्वेदकालीन शम्बर किरातले दिवोदाससँग चालीस वर्षसम्म लडाइँ गरेको चर्चा पाइन्छ (प्रपन्नाचार्य, २०५१, पृ. २२-२४) । प्राचीन हिन्दूग्रन्थहरु ऋग्वेद, यजुर्वेद, स्मृति, ब्राह्मणग्रन्थ र पुराणमा किरातजातिबारे उल्लेख भएको बताइन्छ । स्कन्दपुराणको महेश्वर खण्डमा किरात राजा विजयले जितेको 'जय' नाम गरेको राज्यमा एकलाख पचास हजार गाउँ रहेको, वायुपुराण, पद्मपुराण, मत्स्यपुराण, लिङ्गपुराण, मार्कण्यपुराण, विष्णुपुराण, ब्रह्मपुराण आदिमा जम्बूद्वीपको पूर्वभागमा किरात रहन्छन् भनी उल्लेख गरिएको छ । कौटिल्यको अर्थशास्त्रमा किरातहरु गुप्तचर तथा राजदरबारभित्र भान्सामा नियुक्त थिए भन्ने उल्लेख पाइन्छ भने प्राचीन ज्योतिष ग्रन्थमा शस्त्र चलाएर जीविका चलाउने जातिका रूपमा किरातहरूको परिचय दिइएको पाइन्छ (प्रपन्नाचार्य, २०५१, पृ. ९-१२) । त्यसो त वैदिक कालभन्दा पनि अगाडिको प्राचीन सभ्यता सिन्धुघाँटी सभ्यताका निर्माता प्राचीन किरातीहरु थिए भन्ने तर्क पनि पाइन्छ (चोङवाङ, २०६२, पृ. ३३-३४) । यी तर्कहरूको पुष्टि हुन बाँकी रहेकाले ठोकुवा गर्न सकिँदैन तर पनि किरात नेपालको पुरानो सभ्यता हो भन्ने बारेमा भने अनेक आधारहरु छन् ।

किरात जाति र किरात राज्यका बारेमा विद्वान्हरूका कतिपय भिन्न मत रहेका छन् । कतिपयले महाभारत, पुराणहरूलाई आधार मानेर अफगानको पामिर पठानदेखि पूर्वमा कम्बोडियासम्मको हिमालय क्षेत्रलाई किरातभूमि मान्दै प्राचीनकालमा यो सिङ्गो क्षेत्र एउटै किरात अधिराज्यका रूपमा रहेको बताएका छन् (अर्जेल, २०४२, पृ.३) । नेपाल तथा भारतका कतिपय विद्वान्हरूले नेपालका मगर, गुरूङ, तामाङ लगायत भारतका प्राचीन गैरआर्य जातिलाई किरात भनेको पाइन्छ । आगो, धुँवा, बाटो, रूख, काठ, माछा, मासु, आँखा, आमा, धनुकाँड, कुकुर, गाई, बाख्रा आदि शब्दमा राई, लिम्बू, नेवार, मगर, गुरूङ, तामाङ, लेप्चा, सुनुवार, चेपाङ आदि भाषामा पाइने समानताका आधारमा यी जातिहरूलाई एउटै वर्गमा राख्न सकिने तर्क पनि पाइन्छ । पुराना ग्रन्थहरूमा जेजसरी अर्थ्याए पनि अहिलेका सन्दर्भमा भने मुख्यतः राई, लिम्बू, सुनुवार, याक्खा, जिरेल तराईका धिमाललगायतका जातिलाई किरातको व्यापकताभित्र समेटेको देखिन्छ (राई, २०६४, पृ. १-२) ।

कला साहित्यका पारखीहरूले कला साहित्यमा सौन्दयको खोजी गरी त्यस क्षेत्रको सौन्दर्यका आधार र मानकहरु निर्धारण गर्ने गरिएको पाइन्छ । कला साहित्यमा अन्तर्निहित सौन्दर्यको अध्ययन गर्ने त्यस्तो शास्त्रलाई सौन्दर्यशास्त्र भनिन्छ । कला साहित्यको सौन्दर्य दर्शन अथवा सौन्दर्यशास्त्रको अवधारणाको जन्म सर्वप्रथम अलेक्जेन्डर बाउमगार्टेन (इ. १७१४-१७६२) बाट र

यसलाई आधुनिक अर्थमा प्रतिस्थापित गर्ने काम भने हेगेल (इ.१७७०-१८३१) बाट भएको मानिन्छ । हेगेलले सौन्दर्यशास्त्रलाई सम्पूर्ण कलाको दर्शनका रूपमा स्थापित गरे । सौन्दर्यशास्त्रलाई कला साहित्य विशेषको अलग्गै शास्त्रका रूपमा स्थापित गर्ने काममा क्रोचे (इ. १८६६-१९५२) को महत्वपूर्ण योगदान रहेको छ । मार्क्सवादीहरू आएपछि सौन्दर्यशास्त्र सापेक्ष हुन्छ र कला साहित्य समाजभन्दा भिन्न हुन सक्तैन भन्ने मान्यता स्थापित भयो । सौन्दर्यशास्त्रका बारेमा व्यापक बहसको थालनी पनि मार्क्सवादीहरूबाटै भयो । यही पृष्ठभूमिमा पछिल्लो समयमा वर्ण, जाति, लिङ्ग आदिका आधारमा पनि कला साहित्यमा सौन्दर्य चिन्तनको सुरूआत भएको छ । नेपाली साहित्यमा पनि किराती सौन्दर्य, दलित सौन्दर्य, जनजाति सौन्दर्य आदिका बारेमा चिन्तन भएको पाइन्छ ।

किरात एकेडेमी, नेपालबाट प्रकाशित *किराती सौन्दर्यशास्त्रको अवधारणा*अनुसार ऐतिहासिक निरन्तरता, भूगोलसँगको सम्बन्ध, प्रकृति पूजा तथा पूर्वजको सम्मान, मुन्दुमको शास्त्रीयता, मातृसत्ताको अविच्छिन्नता, चुल्होको निरन्तरता, पूजन सामग्रीको विशिष्टता र अन्न संरक्षणको सभ्यता, जातीय समानताको सौन्दर्य, सिली र श्रम सौन्दर्य, अभिवादनको विशिष्ट सौन्दर्य, चौतारो संस्कृतिको विशिष्टता, दलित मुक्ति, वर्गीय विभेदको अन्त्य, नश्लीय मुक्ति, किराती राष्ट्रिताको पक्षधरता किराती सौन्दर्यका आधार हुन् (राई, सुवेदी र चाम्लिङ, इ. २०१०, पृ. ९-२०) । सुवेदी (२०६८) का अनुसार आफ्नो अलग्गै भूमि, भाषा, संस्कति र इतिहास रहेको, नेपालका आदिवासी समुदाय, सामूहिकताको संस्कृति, भौतिकवादी प्रकृति, पितृ तथा श्रमपुजक संस्कृति, नारी पनि पुरूषसरह र जीवनसाथी छान्ने स्वतन्त्रता, जाँडरक्सी र मासुको अधिक प्रचलन, नाचगानको विशेष प्रचलन, लोकतान्त्रिक शासनको अवशेष, मानव विकासको इतिहासको चित्र आदि किराती सौन्दर्यका विशेषता हुन् । यही आधारमा यहाँ नेपाली उपन्यासमा किराती सौन्दर्यको अध्ययन गरिएको छ ।

## नतिजा र विमर्श

नेपाली साहित्यमा शक्तिवल्लभ अर्ज्याललिखित *महाभारत विराटपर्व* (१८२७) पहिलो आख्यानात्मक रचना मानिन्छ र यही रचनालाई सुरू विन्दु मानी नेपाली उपन्यासको समग्र विकासक्रमलाई प्राथमिक काल (१८२७ - १९४५), माध्यमिक काल (१९४६ - १९९०) र आधुनिक काल (१९९१ देखि यता) गरी वर्गीकरण गरिएको पनि पाइन्छ (श्रेष्ठ र शर्मा, २०६४, पृ. ९९) । रूद्रराज पाण्डे (१९५७-२०४३) को *रूपमती* (१९९१) उपन्यासबाट नेपाली उपन्यासको आधुनिक कालको सुरूवात भएको मानिएको छ । आधुनिक नेपाली उपन्यासमा पनि अनेक प्रवृत्ति पाइन्छन् । त्यसमध्ये यहाँ किराती विषयकेन्द्री नेपाली उपन्यासको मात्रै अध्ययन गरिएको छ ।

नेपाली उपन्यासमा किराती जातिका पात्रको पहिलो प्रयोग रूपनारायणसिंहको भ्रमर (१९९३) मा पाइन्छ । लीलबहादुर क्षेत्रीको *बसाइँ* (२०१४) उपन्यासमा लिम्बु जातिको उल्लेख भएको छ । ताना शर्माको *ओफेल पर्दा* (२०२२) उपन्यासमा खोटाङ जिल्लाका लामाखु, डाँडागाउँ, रतन्छालगायतका गाउँमा बसोबास गर्ने किराती (राई) जातिमा प्रचलित मुर्चुङ्गा बजाएर गीत गाउने, धामीहरू नाच्दै मन्दिरतिर जाने, महिलाहरूले रक्सी बेच्ने, मेलाजात्रामा विभिन्न गाउँ गाउँका अलग अलग समूह बनाइ मारपिट गर्ने विषयको चित्रण पाइन्छ । नेपालबाहिर रहेर उपन्यास लेख्ने प्रकाश कोविद, इन्द्र

सुन्दास, चन्द्र नेपाली, शिवकुमार राई आदिका उपन्यासमा किराती पात्र, संस्कृति आदिका सन्दर्भ आएका छन् । विश्वेश्वरप्रसाद कोइरालाको *सुम्निमा* (२०२५) उपन्यासमा किराती संस्कृतिको प्राचीन मिथकीय पात्र सुम्निमालाई अगाडि सार्दै आर्यसमाज र किराती समाजका बिचको भिन्नता देखाइएको छ । यस उपन्यासले आर्य समाज कृत्रिम र बढी औपचारिक छ र यसको तुलनामा किरात समाज उदार, स्वतन्त्र र मानवतावादी रहेको देखाएको छ । खगेन्द्र प्रधानाङ्गद्वारा लेखिएको *हारी* (२०५०) उपन्यास धनकुटा जिल्लाका कटहरबोटे, साँगुरी, धारापानी आदि गाउँको पर्यावरणभित्रको आठपरिया राई जातिको संस्कृति विशेषमा केन्द्रित छ । आठपहरे राईको संस्कृति, परम्परा, लोकविश्वास आदिको वर्णन गरिएको छ । किराती जातिको उत्पत्ति र परम्पराका पौराणिक तथा ऐतिहासिक सन्दर्भका साथै लिम्बू जातिको धाननाच, राई जातिको विवाह संस्कार, मृत्युसंस्कार आदिको चित्रणमा जोड दिइएको छ साथै धामी, झाँक्री, भाकल, प्रार्थना आदिको चित्रण छ ।

विष्णु आभूषणद्वारा लिखित *अनायास* (२०५१) उपन्यासमा खोटाङ जिल्लामा बसोबास गर्ने किरात राई जातिको साकेलापर्व लगायत किराती संस्कृतिका विविध पक्षको चर्चा गरिएको छ । शिवकुमार राईको *क्षितिज पारिमा* (२०५१) उपन्यासमा खोटाङ जिल्लाको दोर्पा, व्वासुङ, लामासु आदि गाउँका किराती जातिका संस्कृतिको सामान्य चर्चा गरिएको छ । धनप्रसाद सुवेदी 'श्रमिक' को *सानो स्वार्थ भयङ्कर अपराध* (२०५२, परिवर्तित संस्करण, २०७८) उपन्यासमा ओखलढुङ्गा जिल्लाका पोकली र आसपासको क्षेत्रका सुनुवार जातिको सांस्कृतिक सन्दर्भको चर्चा गरिएको छ । मोहन विरहीको *गाउँले नानी* (२०५९) उपन्यासमा खोटाङ जिल्लाको उत्तरी भेगका खार्तम्छा गाउँ र त्यस आसपासको मूलतः राई (किराती) जातिको सन्दर्भको चित्रण गरिएको छ । शालिक शातासकको *यारूला* (२०५९) उपन्यासमा खोटाङ जिल्लाको रतन्छा गाउँको सामाजिक, सांस्कृतिक पर्यावरणका पृष्ठभूमिमा राई (किराती) जातिका सांस्कृतिक पक्षको चित्रण गरिएको छ । रत्न सुन्चेउरीको *सीमा* (२०६०) उपन्यासमा खोटाङ जिल्लाको मध्य-पश्चिम भेगमा अवस्थित बुइपा र त्यस आसपासको क्षेत्र र त्यस क्षेत्रका बासिन्दा विशेषतः राई (किराती) समाजकी एउटी युवती 'सीमा' लाई केन्द्रबिन्दु बनाएर लेखिएको छ । रामकृष्ण बान्तवाद्वारा लिखित *सघन तुवाँलो* (२०६४)उपन्यासमा किरात संस्कृतिका केही सन्दर्भ आएका छन् । देश सुब्बाद्वारा लिखित *आदिवासी* (२०६४)उपन्यासमा आदिवासीहरूको आदिम गाउँ 'सुम्दो गाउँ' र यसवरपरका ताङ्वादेन्, तुङ्बाफे गाउँको भौगोलिक, प्राकृतिक, सामाजिक-सांस्कृतिक विशिष्टताको चित्रण गरिएको छ । राजन मुकारूङद्वारा लेखिएको *हेत्छाकुप्पा* (२०६५) उपन्यासमा किरात राई संस्कृतिका विविध पक्षको चित्रण गरिएको छ । यस उपन्यासमा किरात जातिका आदिपुर्खा मानिने हेत्छाकुप्पालाई प्रतीक बनाइएको छ । राजन मुकारूङद्वारा लिखित *दमिनी भीर* (२०६९) उपन्यासमा किराती संस्कृतिको सघन चित्रण पाइन्छ । आदिवासी पहिचानको अधिकारलाई स्थापित गर्नुपर्छ र राज्यको संरचनामा त्यसको प्रतिबिम्बन आवश्यक छ भन्ने विषयमा उपन्यास केद्रित छ । प्रगति राईद्वारा लिखित लेखककी स्वास्नी (२०७०) उपन्यासमा पनि किराती परिवेशको झल्को पाइन्छ । एउटी महिलाले भोग्नुपर्ने समस्यालाई औपन्यासीकरण गरिएको यस उपन्यासमा किराती पहिचान र विशेषताको सामान्य प्रतिबिम्बन पाइन्छ । गणेश रसिकद्वारा लिखित *आकाशगंगाको ओतमुनि* (परिवर्तित संस्करण, २०७६) उपन्यासमा पूर्वी नेपालको भोजपुर तथा झापा, मोरङमा सुकुम्बासीले फडानी गरी बनाएको बस्तीको जीवन, समाज आदिको चित्रण गर्ने सन्दर्भमा

किरात सस्कृतिका विविध पक्षको चित्रण गरिएको छ । जन्म, मृत्यु, विवाह, खानपानमा रहेका किरात विशेषताको चित्रण यसमा पाइन्छ ।

उल्लिखित उपन्यासहरूमध्ये केही उपन्यासहरूमा किराती सौन्दर्यका प्रमुख मानकहरू विशिष्ट भूगोल, सामाज तथा संस्कृति, भाषा, इतिहास र अधिकारप्रतिको सचेततालाई आधार मानेर अध्ययन गरिएको छ ।

## भूगोल

किरातकेन्द्री नेपाली उपन्यासमा आदिवासीहरूको आफ्नो विशिष्ट भूगोल थियो र छ भन्ने कुरामा जोड दिइएको छ । *आदिवासी* उपन्यासमा 'सुम्दो' नामको आदिवासी गाउँ (जनजाति गाउँ), सावाला खोलाको किनार र तुम्सिङ वनको फेदीमा रहेको उल्लेख गरिएको छ । आजभन्दा करिब चार हजार वर्षपहिले नेपालमा किरात जातिको राज्य थियो र सो राज्य विकसित थियो भनिएको छ । *हेत्छाकुप्पा* उपन्यास विशेषतः पूर्वी नेपालमा बसोबास गर्ने किरात राई जातिको पहिचानमा आधारित छ । उपन्यासमा विशेष गरेर टेम्केडाँडाको काखमा रहेको भोजपुर जिल्लाका दिल्पा गाउँको सेरोफेरोमा केन्द्रित छ । दमिनी भीर उपन्यासमा पूर्वी पहाडको भोजपुरलाई मूलतः किरात भूमिका रूपमा चित्रण गर्दै किरात पहिचानको अधिकारलाई स्थापित गर्नुपर्छ भन्ने आग्रह पाइन्छ । हारीमा धनकुटा आसपासको क्षेत्र आठपहरिया राई, अनायासमा खोटाङ, क्षितिजपारिमा, सीमा उपन्यासले किरातीको क्षेत्र हो भन्ने देखाउँछन्, सानो स्वार्थ भयंकर अपराधले ओखलढुंगाको पश्चिम लिखु क्षेत्र सुनुवारको विशेष भूमि हो भन्ने देखाउँछ । उल्लिखित आधारमा हेर्दा किरात जातिको आफ्नो खास भूगोल छ भन्ने देखाउन खोजिएको छ ।

## सामाज तथा संस्कृति

*किरातकेन्द्री* नेपाली उपन्यासमा किरात समाज तथा संस्कृतिको सघन चित्रण पाइन्छ । सुम्निमामा किरात जातिको संस्कृतिमा रहेको उदारता र खुलापनको चित्रण गरिएको छ । हारीमा आठपहरिया राईको जन्म, मृत्यु, विवाह संस्कारको सघन चित्रण गरिएको छ । *आदिवासी* उपन्यास नेपालका आदिवासी जनजातिका विशेषताको चित्रण गरिएको छ । उपन्यासमा किरात जातिमा प्रचलित कृषि नाच, फलफूल नाच आदिका साथै जनजातिहरूका रोदी नाच, मारुनी नाच, ढोल नाच, धान नाच, भोटेसेलो, झाँगड नाच, हुर्रा नाच आदिको नाम उल्लेख गरिएको छ । माघेसङ्क्रान्ति पर्वलाई नयाँ वर्ष र तरूल उत्सवका रूपमा आदिवासी जनजातिले मनाउने गरेको, समाजमा प्रचलित खाद्य परिकारहरू किनिमा, साएयाङमा, याङ्बेन्, फाँदोको अचार, जाँडको विभिन्न परिकार, फलफूलको रक्सी, सुँगुरको मासुका परिकार, खसी, भेडा, राँगो, कुखुरा, हाँसको मासुको परिकार, सेलरोटी, फिलिङ्गेको अचार आदिको चर्चा यसमा गरिएको छ । लिम्बु/राई समाजमा प्रचलित सें लाग्ने लोकविश्वासको उल्लेख गरिएको छ ।

*आदिवासी* उपन्यासमा किरातजातिको प्राचीन तथा मौलिक जीवनप्रणालीलाई निम्नानुसार वर्णन गरिएको छ :

हामीहरू खोलानाला, डाँडापाखा कन्दमूल खोज्दै, सिकार खेल्दै हिँड्थ्यौं । ... दिनभर कन्दमूल, सिकार खोज्थ्यौं, खानेकुरा ल्याएर साँझपख समूहमा आउँथ्यौं । समूहमा भेला भएर खान्थ्यौं, पिउँथ्यौं र गीत गाउँथ्यौं । ... सिस्नु फल्ने मौसममा हामी सिस्नुको फूल लिएर आउँथ्यौं । सिस्नु मीठो हुन्थ्यो । सिस्नुमा सानो पात भएको पातले सिस्नु र ठुलो पात भएको भालु सिस्नु हुने गर्थ्यो । आदिवासीहरूमा सिस्नुको बेग्लै महत्व हुने गर्थ्यो (पृ. ५६) ।

*आदिवासी* उपन्यासमा आदिवासी किराती जातिलाई प्रकृतिमा रमाउने जातिका रूपमा चित्रण गरिएको छ । यस जातिलाई "धर्तीका सुन्दर फूलहरू" र "भीर, पहरामा पनि फुलिरहेका" फूल भनिएको छ (पृ. ५७) ।

*हेत्छाकुप्पा* उपन्यासमा विशेषतः बान्तावा राई जातिका समाज तथा संस्कृतिको चित्रण गरिएको छ । साथै आंशिक रूपमा नेपालका तामाङ, लिम्बु, गुरुङ, जस्ता जनजातिहरूको उल्लेख गर्दै नेपालको सिङ्गो जनजाति आन्दोलन र राजनीतिक आन्दोलनको समीक्षा गरिएको छ । उपन्यासमा किरात समाजमा केटी माग्दा गरिने रितको रोचक वर्णन गरिएको छ, जस्तै :

पासुङचेउ, फूलको वासना डाँडावारि, मान्छेको वासना डाँडापारि । तपाईँहरूको हृदयमा मजस्तै फक्रेर, तपाईहरूकै कोखबाट जन्मेको, मायाको फूल हाम्रो नायुमालाई र फूलबारीमा फक्रेको सुन्दर फूल देखेछ, मोतिजुहार देखेछ र कुटुम्बहरूले मायाप्रेम गरेछ । यो बान्तवा राईको रूङमाहाङ पाछाको कुल घरानमा जन्मेको छोरीचेली आफ्नो घरमा ल्याइयो भने त सिद्धिसह रहनेछ, नाम सुवास चल्नेछ भन्ने सोचीसम्झी चोरी लगेछ (पृ. ३१) ।

*हेत्छाकुप्पा* उपन्यासमा किरात जातिका मृत्यु संस्कारको पनि चित्रण गरिएको छ । लाहुरे संस्कृतिले समाजमा पारेको प्रभावको चर्चा गरिएको छ । लाहुरेका वर्गका बारेमा पनि वर्णन गरिएको छ । दमिनी भीर (२०६९) उपन्यासमा किरात जातिको संस्कृतिको सघन चित्रण पाइन्छ । सुँगुर काटेर खाने, रक्सी खाने, साकेला नाच्ने, सिली टिप्ने जस्ता सांकृतिक पक्षको चित्रण गरिएको छ । ठिटाहरू लाहुर जानका लागि कसरत गरेको, लाहुरे नभएको, लाहुरे नहुँदा निरास भएको, बाबुले गाली गरेको जस्ता सन्दर्भहरूको चित्रण गरिएको छ । किरात जातिका विशेषताका बारेमा उपन्यासमा लेखिएको छ :

दसैँमा मार हान्ने, आँगनभरि कुखुरा परेवाले चारो टिप्नै पर्ने । ...बेठी लाउनै पर्ने । जोगी, सन्यासी पाल्नु पर्ने । जपतप गर्नु पर्ने । रूद्री, पुराण लाउनु पर्ने । भजन संगीनी गाउँनै पर्ने । बालन नचाउनै पर्ने । श्लोक गाउनै पर्ने । पुरेत पण्डित पुज्नु पर्ने । धामी-झाँक्री, घर-चिन्ता राख्नु पर्ने । चुला पुज्नै पर्ने । चाछुवा चलाउनै पर्ने । भतेर लाएरै मङसिरे गर्नु पर्ने । साकेवा पुज्नै पर्ने, मान्नै पर्ने (पृ. १३१-१३२) ।

यस उपन्यासमा राई (किराती) जातिको केटी माग्दाको रितको वर्णन गरिएको छ । मृतकको लास गाड्दा गरिने रितको वर्णन गरिएको छ । मरेका मान्छेका नाममा कचुर काटेर ऊ कुन ठाउँमा गएर बसेको भनी जोखाना हेर्ने चलनको पनि वर्णन गरिएको छ । उपन्यासमा स्थानीय पहिरनको वर्णन पनि छ । यस उपन्यासमा जात्रा मेलाबाट केटी भगाउने, सिन्को भाँचेर जोखाना हेर्ने, दुलही भित्र्याउँदा सासूले खुर्पा नचाएर – "लै त यो घरमा नयाँ बुहारी आयो । आँखी द्रोही सबै परपर

हट....माइसुमी- दाखामी मान्मुबानिन् है । सौतेनी आँखा नलागोस्" भन्ने जस्ता सांस्कृतिक सन्दर्भको पनि चर्चा गरिएको छ । यसमा किरात समाजमा रहेका लोकविश्वास, लोकपरम्पराको चर्चा गरिएको छ । यसमा किरात राई समाजमा लोकप्रिय रहेका खानपानको चर्चा गरिएको छ । यसमा किरात समाजमा किनामा (भटमासबाट बनाइने तर्कारी विशेष), ढिंडो, रक्सी, जाँड, मासु, सिद्राको अचार आदि लोकप्रिय रहेको उल्लेख गरिएको छ । यस उपन्यासमा किरात राई जातिको साकेला नाच्दाको रित र त्यसको दृश्यको वर्णन गरिएको छ । किरात राईका बाजागाजा, भेषभूषा आदिको पनि वर्णन गरिएको छ ।

किरातकेन्द्री समकालीन नेपाली उपन्यासका आधारमा हेर्दा आदिवासी संस्कृतिका केही विशेषताहरु देखिन्छन्, मुख्य विशेषताहरूका बारेमा यहाँ सङ्क्षेपमा चर्चा गरिएको छ :

### प्रकृति तथा पितृपूजक एवम् भौतिकवादी संस्कृति

किरातकेन्द्री उपन्यासमा जनजातिहरु अलौकिक ईश्वरको सट्टा प्रकृति तथा पितृको पूजा गर्ने र भौतिकवादी संस्कृतिप्रतिको झुकाव राख्ने देखाइएको छ । जनजातिहरु खाना पकाउने चुलो, अन्न फलाउने भूमि र आफ्नै पितापुर्खाको पूजा उपासना गर्छन् । जनजातिहरु खेती लगाउने बेला उँभौली, खेती उठाउने बेला उँधौली पूजा गरेर श्रमको पूजा गर्दछन् । *आदिवासी* उपन्यासमा जनज(ातिहरु प्रकृतिपूजक हुन् भन्ने उल्लेख गरिएको छ । आदिवासी जनजातिहरूले कृषियुगबाट थालनी गरेको भनी मानिने न्वागी पर्वको उल्लेख गरिएको छ । आदिवासी (जनजाति) हरूको झन्डा त्रिक(ोणात्मक आकारको हुने, उनीहरूले आदिम रूखको पूजा गर्ने भन्दै 'रूख उत्सव' पर्वको विशेष वर्णन गरी जनजातिहरु प्रकृतिपूजक जातिका रूपमा देखाइएको छ । उनीहरूको जीवन सरल हुन्छ, उनीहरु प्रकृतिमै रमाउँछन्, प्रकृतिकै पूजा गर्छन् भनिएको छ । उपन्यासमा आदिम रूखलाई पूर्वी नेपालका आदिवासी जनजाति (किरात) को इतिहासको साक्षीका रूपमा चित्रण गरिएको छ । यसैगरी यसमा नेपालका आदिवासी जनजातिको घरभित्र र घरबाहिरका देवीदेवताको उल्लेख गरिएको छ :

घरबाहिरको देउताहरूमा वन देउता, जल देउता, अग्नि देउत, रूख देउता, बाँदर देउता, सर्प देउता इत्यादि हुन्थ्यो । घरभित्रको देउतामा मुख्य गरी कुल देउता हुने गर्थ्यो । कुल देउताको आदि(वासीहरूले विभिन्न नामकरण गरेका थिए । उनीहरूको पूजाको सामग्रीमा साप्सिङ, अम्लिसो, घुङरिङ, तितेपाती, केराको पात, कुखुराको फुल, जाँडरक्सी, अदुवा, अक्षतापाती इत्यादि हुन्थ्यो (पृ.४५) ।

उल्लिखित कथनलाई हेर्दा जनजातिहरु कुनै अलौकिक तथा काल्पनिक देवीदेवताको पूजा गर्दैनन्, उनीहरु वन, पानी, आगो, जनावर जस्ता प्रकृतिको पूजा गर्छन् र पूजा सामग्री पनि दैनिक जीवनमा प्रयोग हुने प्रकृतिजन्य वस्तु हुन्छन् भन्ने देखिन्छ । उपन्यासमा आदिवासी जनजातिहरु प्रकृतिपूजक हुनाको कारण अर्थात् उनीहरूको बुझाइमा प्रकृति के हो भन्ने बारेमा प्रशस्त मात्रामा विचार विमर्श गरिएको छ । आदिवासी जनजातिहरु प्रकृतिपूजक हुनामा उनीहरूमा रहेको प्रकृतिसम्बन्धी धारणा र मान्यता के भन्ने विषयमा पनि उपन्यासमा चर्चा गरिएको छ :

> आदिम रूखमा मात्र होइन, ढुङ्गा, माटो, हावापानी सबैमा ज्ञानैज्ञान हुन्छ । कोही मान्छेले पनि अहिलेसम्म यी ढुङ्गा, माटो, हावापानीको साँच्चैको रङ्ग, गुण, आकार बताउन सकेका

छैनन् । ...बीउबाट बिरूवा निस्किन्छ, बिरूवाबाट जरा निस्किन्छ र बिरूवाले माटोबाहिर टुसा निकाल्छ । माटोबाहिर पनि देखिने नदेखिने थुप्रै कुरा हुन्छन् जस्तै हावा पानी, घाम । यो हावापानी, घामले विरूवालाई थिचिराखेको हुन्छ, हुर्काइ रहेको हुन्छ । बिरूवालाई हुर्किन, बढ्नमा केही न केहीले छेकेको हुन्छ, थिचेको हुन्छ, सहयोग गरिरहेको हुन्छ नै । मान्छेको जीवनमा पनि छेक्ने, रोक्ने, बाधा, समस्या थुप्रै हुन्छन् । यसरी जीवनले पनि सबैसित जुद्धै जित्दै जानुपर्छ । यसलाई हामी आदिवासीहरू 'प्रकट' भन्छौँ (पृ. ६१) ।

*हेत्छाकुप्पा* र *दमिनीभीर* उपन्यासमा किरात जातिमा रहेको चुलो पूजा, पितृपूजा र भूमिपूज(ाको चित्रण गरिएको छ । जनजातिहरू प्रकृति तथा श्रमका पुजारी हुन् भन्ने कुरामा यी उपन्यासले जोड दिएका छन् ।

## लोकतान्त्रिक परम्परा र सामूहिकताको संस्कृति

किरातकेन्द्री उपन्यासमा जनजाति समाजमा रहेको लोकतान्त्रिक परम्पराको चित्रण पाइन्छ । त्यसैगरी जनजाति समाजमा रहेको सामूहिकताको संस्कृतिको चित्रण पनि पाइन्छ । *गन्तव्य* उपन्यासमा थारू समाजमा समाजको अगुवा ककनदार चुन्ने परम्पराको चित्रण पाइन्छ । माघीका अवसरमा गाउँलेहरूले अगुवा 'ककनदार' चुन्छन् । माघीका अवसरमा कमैयाहरूले मसौरा (पारिश्रमिकका रूपमा पाक्ने धान) बढाउने माग गर्न सक्ने प्रचलन रहेको छ । उपन्यासमा थारू समाजमा चौतारामा बसेर न्यायनिसाफ गर्ने चलन 'खेल' को उल्लेख पनि गरिएको छ ।

नेपालका जनजातिहरूमा सामूहिकताको संस्कृति पाइन्छ । उनीहरूमा मर्दापर्दा आपसमा सरसहयोग गर्ने, अन्य जातिका र भिन्न संस्कृति भएका मानिसहरूसँग पनि सद्भाव र मेलमिलाप गरेर बस्न सक्ने स्वभाव र संस्कृति रहेको पाइन्छ । जनजातिहरू काल्पनिक र अभौतिक देवीदेवताका सट्टामा भौतिक प्रकृति, श्रम तथा पूर्वजहरूको पूजा उपासना गर्दछन् । जनजातिहरूका आराध्य देव भनेका आफ्नै अग्रज मातापिता हुन् । किरातकेन्द्री उपन्यासमा यसको चित्रण पाइन्छ । आदिवासी, हेत्छाकुप्पा, उर्गेनको घोडा जस्ता उपन्यासमा यो विषय स्पष्ट रूपमा आएको छ ।

*आदिवासी, हेत्छाकुप्पा* जस्ता उपन्यासमा घुमन्ते जङ्गली युग, कृषियुग, औद्योगिक युग आदिका सन्दर्भ आएका छन् । *आदिवासी* उपन्यासमा घुमन्ते जङ्गली युगबाट कृषियुगमा कसरी सङ्क्रमण भयो भन्ने विषयको चर्चा गरिएको छ । *हेत्छाकुप्पा* उपन्यासमा किरात राईको साकेला सिलीमा पाइने मानव विकासको इतिहासको चर्चा गरिएको छ ।

## लैङ्गिक समानता एवम् जीवन साथी छान्ने स्वतन्त्रता

नेपालका जनजाति समाजमा पुरूषसरह महिलाहरू पनि सामाजिक तथा घरायसी काममा सरिक हुन्छन् र समाजमा महिलाको स्थान पनि पुरूषसरह सम्मानित छ भन्ने विषयलाई किरातकेन्द्री उपन्यासमा देखाउन खोजिएको छ । यसका साथै जनजाति समाजमा जीवनसाथी छान्ने स्वतन्त्रता रहेको र उमेर पुगेका केटाकेटी आपसमा मनपराएर बिहे गरेमा त्यसलाई निश्चित रित पुऱ्याएर सामाजिक-सांस्कृतिक वैधता प्रदान गर्ने गरिएको देखाइएको छ । *आदिवासी, हेत्छाकुप्पा* जस्ता

उपन्यासले जनजाति समाजमा महिलाहरूको समान उपस्थिति र निर्णय प्रक्रियामा रहेको समान सहभागिता रहेको देखाएका छन् ।

**नाचगान, जाँडरक्सी तथा मासुको अधिक प्रयोग**

नेपालका जनजातिहरू नाचगानमा रमाउँछन् । उनीहरूसँग आफ्नै प्रकारका लोकगीत, लोकनाचहरु रहेका छन् । राई जातिमा साकेला नाच र यसका विभिन्न सिली, मारूनी नाच, लिम्बुमा धाननाच, च्याब्रुङनाच, नेवारमा लाखेनाच, सेर्पा समाजमा स्याप्रे नाच जस्ता नागगानको संस्कृति रहेको छ । किरातकेन्द्री नेपाली उपन्यासमा यसको चर्चा केही मात्रमा गरिएको छ । खासगरी साकेला र यसका सिलीहरूका बारेमा *हेत्छाकुप्पा* तथा *दमिनी भीर* उपन्यासमा चर्चा गरिएको छ ।

नेपालका जनजाति समाजमा चाडपर्व, जन्म, विवाह, मृत्यु जस्ता संस्कार, पाहुनाको स्वागत, खेतीपाती, खुसीयाली आदिमा जाँडरक्सी तथा मासुको प्रयोग हुने गर्दछ । किरातकेन्द्री समकालीन नेपाली उपन्यासहरूमा यस विषयको चित्रण पाइन्छ । जनजातिका विषयमा लेखिएका र जनजातिको सामान्य उल्लेख भएका सबैजसो उपन्यासमा यस विषयको चित्रण गरिएको पाइन्छ । माथि उल्लेख गरिएका सबैजसो उपन्यासमा यस्तो प्रवृत्ति पाइन्छ ।

**इतिहास**

किरातकेन्द्री नेपाली उपन्यासमा आदिवासी इतिहासलाई विशेष महत्वका साथ प्रस्तुत गरिएको छ । *आदिवासी* उपन्यासमा जनजातिहरु यायावरका रूपमा रहँदा कसरी आफ्नो जीविकोपार्जन गर्थे र पछि उनीहरु कसरी स्थायी बसोबास गर्न थाले भन्ने विषयको पनि वर्णन गरिएको छ । यसैगरी यस उपन्यासमा नेपालको प्राचीन जाति किरातको राज्य कसरी पराजित भयो भन्ने विषयको सङ्क्षिप्त वर्णन पनि गरिएको छ । आदिवासी जनजातिहरूमा तरूल उत्सव पनि प्रचलनमा रहेको उल्लेख गरिएको छ ।

*हेत्छाकुप्पा* उपन्यासमा किरात लोककथाअनुसार पातेसुङ र दिलिदुमका छोरा हेत्छाकुप्पाको इतिहासका सन्दर्भलाई प्रतीकात्मक रूपमा प्रयोग गरिएको छ । किरातहरूको आदिपुर्खा मानिएको हेत्छाकुप्पाले धेरै हन्डर र दुःख पाएको थियो भन्ने किरात समाजमा किंवदन्ती रहेको छ । प्रस्तुत उपन्यासमा त्यही ऐतिहासिक पात्रलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा किरात जातिमा रहेको सुम्निमा, पारूहाङ जस्ता आदि पुर्खा र उनीहरूका बारेमा समाजमा रहेको मौखिक इतिहास पनि सुनाउँदै र सुनिँदै आइएको विषयका बारेमा पनि चर्चा गरिएको छ ।

**भाषा**

किरातकेन्द्री समकालीन नेपाली उपन्यासमा किरातीको आफ्नो अलग्गै भाषा छ भन्ने कुरालाई पुष्टि गर्नका लागि प्रशस्त मात्रमा शब्द, वाक्य, गीतका अंश आदिको प्रयोग गरिएको छ । *आदिवासी* उपन्यासमा आदिवासी जातिको भाषा र लिपिको ऐतिहासिकता र महत्वको चर्चा गरिएको छ । यसमा आदिवासी भाषामा चित्रलिपि र 'ङ' ध्वनिको उच्चारणका सन्दर्भको चर्चा गरिएको छ ।

उपन्यासमा लिम्बू भाषाको सिरिजङ्गा लिपिको आविष्कार र लिम्बू जाति र भाषाका विषयमा खोज गर्ने सिरिजङ्गा, इमानसिंह चेम्जोङ, काजीमान कन्दङवाजस्ता विद्वान्हरूका कर्मलाई पनि सङ्केत गरिएको पाइन्छ ।

*हेत्छाकुप्पा* उपन्यासमा बान्तवा किरात भाषाका केही शब्दहरु (किरात संस्कृतिसँग सम्बन्धित) को प्रयोग गरिएको छ । यसमा स्थानीय गाउँ, ठाउँको किराती नामको उल्लेख गरिएको छ । केही उदाहरणः रिमाचोङ (टेमेडाँडा), मुन्दुम (किरातहरूको शास्त्र) घोरालुङ (बाघजस्तै ढुङ्गा), आम्लाला (सुनाखरी फुल्ने पाखा), देवा (बडाबाबु), कोपा (बाजे), लेम्बेथे (लठेब्रो), छुना (काकी/फुपू), सिम्मा (कान्छी), पासुङचेउ (मान्यवर अग्रजका रूपमा गरिने सम्बोधन), सायाबुङचेउ (कुटुम्ब हजुर भनेर गरिने सम्बोधन), आपौ (बाबा), बाङा (बाबा), दिबुङहाङ (जगरबगरका अधिपति), रिसिया (गीत), माङ (देवता), छालामछुलुम (अपवित्र पार्नु), साकेला (भूमिपूजा, किरात राईहरूको प्रसिद्ध पर्व), सिली (साकेला नाचको शैली) आदि । यस उपन्यासमा किरात लोकगीतहरूका केही पङ्क्ति उल्लेख गरिएको छ ।

दमिनी भीर उपन्यासमा वान्तावा भाषाको शब्दको प्रशस्त मात्रमा भएको छ । आदाङ्बे, आम्लाला, आरिन्, ओको, कचुर, केन्छेरूवा, खाइसालो, खाम, घोट, चाछुवा, चाम्लुङ्मा, चासुमसिली, चेउ, चेम्सङ, छनुवा, छिन्बारिमा, छेकुलुङ्मा, झाराक, झेवा, टाङ्ची, टोयाङ्को, ताबाङ, तायामी, तायासिली, थिबिक्मा, थ्याप्लो, दि, दे तिरा, दे रिङाको, दे लिसा, धि वातुङ, नाक्छोङ, नागेलुङ, नाम्छेङ्मा, पानीहाङ्ची, पारहाङ, पुङ, पुँडी, फुमै, फँगा, बाग्सा, बाङा, बिमाख आदि । उपन्यासमा स्थानीय स्तरमा बोलिने छोटा संवादहरूको प्रयोग गरिएको छ । केही उदाहरण :

> भनी : होस् गर् है भन्दै छु है । तान्ला सैँहैँले ।
> नकरा न । (पृ. २२) ।
> बरोटा छिनो खाइसको (पृ. २३) ।

मेला जात्रामा केटाकेटी दोहोरी गाउने चलन छ । यसमा गीतका अंश, स्थानीय भाषिका, नाताबोधक शब्दहरूको प्रयोग भएको छ ।

**अधिकारप्रतिको सचेतता**

किरातकेन्द्री उपन्यासमा नेपालका जनजातिहरु संलग्न हुने बेलायती सेना (लाहुरे) को संस्कृतिका बारेमा पनि समीक्षा गरिएको छ । हेत्छाकुप्पा उपन्यासमा बेलायती सेनामा कार्यरत नेपालीहरूलाई बेलायतीसरह तलब तथा पेन्सन नदिइने व्यवस्थाका विरूद्ध गोर्खा भूपू सैनिकहरु कानुनी उपचारको खोजीमा रहेको, कानुनी परामर्श दिने वकिल (बाहुनछेत्री) धूर्त, ठग र बदमास रहेको, जनजाति समाजबाट एउटा राम्रो वकिल पनि जन्मिन नसकेको, लाहुरेहरूले प्रकाशित गर्ने पत्रिकामा जनजाति समूहका मानिसहरु संलग्न भएकामा समेत क्षेत्री बाहुन वकिलले मन नपराएर उनीहरूले षड्यन्त्र गरी पत्रिका नै बन्द गराएको जस्ता विषयको चर्चा गरिएको छ ।

*हेत्छाकुप्पा* उपन्यासमा प्रोफेसर भट्टचनलाई उद्घृत गर्दै नेपालका जनजाति र गैरजनजातिका बिचको विभेद र भिन्नतालाई देखाइएको छ । उपन्यासमा जनजाति र गैरजनजातिका बिचको

वैवाहिक सम्बन्धका बारेमा प्रशस्त मात्रामा चर्चा गरिएको छ । जनजाति र गैरजनजातिका बिचको विवाहले जनजातिलाई फाइदा नहुने र गैरजनजातिलाई भने फाइदा पुग्ने देखाइएको छ । नेपालमा सञ्चार माध्यम पनि जनजातिहरूलाई होच्याउने, उपेक्षा गर्ने गर्दछन् भन्ने चर्चा यसमा गरिएको छ । नेपालको राजनीति, साहित्य आदिका क्षेत्रमा पनि जनजाति समुदायलाई उपेक्षा गरिएको छ भन्ने चर्चा यसमा गरिएको छ ।

*हेत्छाकुप्पा* उपन्यासमा जातीय मुक्तिका लागि गणतन्त्र, धर्मनिरपेक्षता र सङ्घीयताको पक्षपोषण गरिएको छ । यसमा अन्तर्जातीय विवाहका बारेमा निम्नलिखित धारणा राखिएको छ :

> सुपर जीन हुनेहरूको लागि अन्तर्जातीय विवाह राम्रो हुन्छ तर कमजोर जीन भएका अल्पसङ्ख्यकहरूको सवालमा भने यो पनि जाति मास्ने काम नै हो । यसले त नश्ल नै मास्छ । कुनै जातिका भाषा, लिपि, संस्कृति सिध्याउने हो भने यो ठुलो अस्त्र हो । ...जातीय संस्कृतिले, परम्पराले, मान्यताले मनोविज्ञानको पनि विकास गर्छ । त्यही मनोविज्ञान झैँ व्यवहारमा पनि देखिने भएकाले अन्तर्जातीय विवाह जीवनसम्बन्ध र मानव गतिशीलतामा भन्दा पनि बढी सम्झौतामा अडिएको पाइन्छ । लोग्नेस्वास्नी बिचका सोचहरू, काम गर्ने तरिकाहरू, जीवन बाँच्ने शैलीहरू फरकफरक भएरै बित्छ (पृ. २२७) ।

यसमा राजनीतिक परिवर्तन, मार्क्सवाद र जातीय मुक्तिको विषयका बारेमा निम्नानुसार टिप्पणी गरिएको छ :

> म अफ्नो जातिप्रति गर्व गर्छु, ...वर्गको नाममा होस् वा एउटै भाषा र एउटै भेषका नाममा होस्, सधैँ एउटै जातिले मात्र शासन गरिरहने सोच र चिन्तन चैँ गलत हो । ... जातिभित्र पनि सामन्तहरू हुन्छन्, शोषक र शाषित हुन्छन् । जातिको मात्र कुरा गर्दा जातिभित्रै भएका शोषकहरू राम्ररी सुरक्षित हुन्छन् र त्यसले जातीय मुक्ति होइन, साम्प्रदायिक दङ्गा निम्त्याउँछ ...मार्क्सवादले नै हो जातीय मुक्तिको कुरा उठाउने । सम्पूर्ण उत्पीडित जातिहरूको मुक्तिबिना कसरी हुन्छ सर्वहारावर्गको मुक्ति ? कसरी गर्न सक्नु हुन्छ साम्यवादसम्मको कल्पना ? ... जातीय मुक्तिको अर्थ अर्को जातिलाई सिध्याउने भन्ने होइन, बरू उसको अस्तित्वलाई सम्मान गर्ने हो (पृ. २२६) ।

उपन्यासमा राई किरात लगायतका नेपालका आदिवासी जनजातिहरू नेपालको हिन्दु वर्णाश्रममा आधारित राजतन्त्रात्मक सत्ताबाट प्रताडित हुँदै आएका छन् भन्ने विषयमा केन्द्रित रहेको छ । जातीय मुद्दालाई ठिक तरिकाले सम्बोधन गर्न नसकेकाले नेपालका हरेक राजनीतिक आन्दोलन र यहाँका कम्युनिस्ट लगायतका पार्टीहरू असफल बनेका हुन् भन्ने उपन्यासको निष्कर्ष रहेको देखिन्छ ।

*आदिवासी* उपन्यासमा नेपालमा संस्कार, भाषा, लिपि, धर्मको नाममा विवाद हुने गरेको, पुरानो र नयाँ चलनका विषयमा पनि झगडा हुने गरेको र आदिवासीका नाममा राजनीति गर्ने गरेको विषयको चर्चा गरिएको छ । उपन्यासमा सहरमा आदिवासी जनजातिका नाममा राजनीति हुने गरेको तर आदिवासी जनजातिका भाषा, लिपि, धर्म र संस्कृतिप्रति प्रतिबद्ध हुने चाहिँ नदेखिएको अवस्थाप्रति व्यङ्ग्य गर्दै आदिवासी जनजातिहरूको मूलथलोमा भने जनजातिका भाषा, लिपि, धर्म र संस्कृतिको

संरक्षणमा काम भइरहेको उल्लेख गरिएको छ । उपन्यासमा जनजातिको भाषा, लिपि, धर्म, संस्कृति र इतिहासको संरक्षण, सम्बर्द्धन गर्नुपर्दछ भनिएको छ । तुत्तु भन्छन् : "हामीले आफूलाई चिन्न थालेका छौं । भाषा, लिपि, धर्म, संस्कृति, इतिहास पढ्न थालेका छौं । यो राम्रो लक्षण हो । मान्छेले जसले आफूलाई चिन्दैन, उसले कसैलाई पनि चिन्दैन" (पृ.८९) । उपन्यासमा विशेष रूपमा किरात जाति र किरात सभ्यता संस्कृतिको वर्णन गरिएको छ र त्यसलाई सामान्यीकरण गरेर नेपालका सबै आदिवासी जनजातिहरूको इतिहास, संस्कृति र अधिकारको विषयवस्तुलाई समेट्ने प्रयत्न गरिएको छ । यस उपन्यासमा नेपालमा आदिवासी तथा जनजातिका नाममा हुने गरेका क्रियाकलाप तथा जनजाति आन्दोलनको आलोचनात्मक समीक्षा पनि गरिएको छ । नेपालमा आदिवासी र जनजातिका नाममा सहर केन्द्रित आन्दोलन भएका छन्, ती पर्याप्त छैनन् । जनजातिको उत्थान र अधिकारको क्षेत्रमा साँच्चिकै काम गर्ने हो भने जनजातिको खास थलोमा गएर उनीहरूको मौलिक संस्कृति, मौलिक सभ्यता, भाषा र लिपिको अध्ययन, चिन्तन गरी अगाडि बढ्नु पर्दछ भन्ने उपन्यासको सार रहेको छ ।

*दमिनी भीर* उपन्यास जनजातिको पहिचानका आधारमा संघीय राज्य हुनुपर्छ भनिएको छ । उपन्यासमा "बाहुनले देश बिगारो अरे/नचाइने कुरा/हना, हामी कैले अन्यायमा परेको छुङ र हौं ? कैले डसो बाहुनले हाम्लाई ? खै त, हाम्रोमा त सप्पै क्षेत्री बाहुन नै हलिगोठाला, भन्यो सम्वीरे माइलोले" (पृ. १२७) भन्दै नेपालमा रहेको जातीय बहसलाई प्रस्तुत गरिएको छ । उपन्यासमा लेखिएको छ, "कसलाई मन छ जातीय कुरा गर्न ? कसलाई मन छ साँघुरो हुन? तर यो राज्य सत्ताले कहिले सोच्यो ? कहिले सोच्यो कहाँ कहाँ दुखेको छ भनेर ? आफैमा आन्दोलित भयो नाम्देङ" (पृ. १२९) । उपन्यासमा जनजातिले जातीय राज्य मागेको नभएर पहिचान मागेको हो भनिएको छ : "जातीय राज्य मागेको भनेर जसरी व्याख्या गरिँदै छ त्यो पटक्कै होइन । आजसम्म उत्पीडित भएकाहरूले आफ्नो पहिचान मागेको हो । पहिचानलाई जातीय भनेर गलत कुरा गरिँदै छ" (पृ.२६४) । उपन्यासमा पहिचानलाई यसरी अर्थ्याइएको छः "पहिचानको अर्थ कसैलाई दमन गर्न होइन नि । बरू, अखण्ड नेपालको नारा सुन्दा जति सुन्दर छ, यसले नेपाली जनताले यत्रो वर्ष परिवर्तनका लागि गरेको सङ्घर्ष विरूद्ध आवाज उठाइरहेको छ" (पृ. २६५) ।

समग्रमा हेर्दा जनजातिकेन्द्री समसामयिक नेपाली उपन्यासमा जातीय पहिचान तथा जातीय अधिकारको विषयलाई सशक्त रूपमा उठाइएको पाइन्छ । जातीय इतिहास तथा संस्कृतिको उत्खनन, जनजातिमाथि भएका विभेद, शोषण आदिको चित्रण, आदिवासी विशेषता एवम् तिनमा रहेको गौरवको खोजी आदिमा आधारित भएर किरातकेन्द्री उपन्यासहरु लेखिएको पाइन्छ ।

## निष्कर्ष

नेपाली उपन्यास परम्परामा किराती पात्र, समाज, संस्कृतिसहित पहिचानको विषयलाई धेरथोर समावेश गरिएको आइएको पाइन्छ । ओझेल पर्दा (२०२२), सुम्निमा (२०२५), पूर्वतिर (२०४४), हारी (२०५०), अनायास (२०५१), क्षितिज पारिमा (२०५१), अपमान (२०५२) लगायतका उपन्यासमा यो प्रवृत्ति धेरथोर पाइन्छ । यही परम्परामा पछिल्लो समयका उपन्यासहरूमा किराती सौन्दर्यको विषयलाई सघन रूपमा चित्रण गरिएको पाइन्छ । शालिक शातासकको *प्यारूला* (२०५९), रत्न सुन्चेउरीको

*सीमा* (२०६०), रामकृष्ण बान्तवाद्वारा लिखित *सघन तुवाँलो* (२०६४), देश सुब्बाद्वारा लिखित *आदिवासी* (२०६४), राजन मुकारूङद्वारा लेखिएका *हेत्छाकुप्पा* (२०६५) तथा *दमिनी भीर* (२०६९), गणेश रसिकद्वारा लिखित आकाशगङ्गाको ओतमुनि (परिवर्तित संस्करण, २०७६) आदि उपन्यासमा धेरथोर रूपमा किराती सन्दर्भको चित्रण पाइन्छ । यीमध्ये आदिवासी (२०६४), हेत्छाकुप्पा (२०६५) र दमिनी भीर (२०६९) उपन्यास किराती सौन्दर्यकै विषयमा केन्द्रित रहेका छन् । किरातकेन्द्री नेपाली उपन्यासले किरातीसँग आफ्नो अलग्गै भूमि, भाषा र संस्कृति रहेको छ भन्ने विषयलाई सशक्त रूपमा प्रस्तुत गरेका छन् । यी उपन्यासले किराती जातिसँग आफ्नो विशिष्ट भूगोल, अलग्गै भाषा, संस्कृति र इतिहास रहेको पुष्टि गर्दछन् । किराती समाजमा पुरूषसरह महिलाहरु पनि सामाजिक तथा घरायसी काममा सरिक हुन्छन् र समाजमा महिलाको स्थान पनि पुरूषसरह सम्मानित छ भन्ने विषयलाई किरातकेन्द्री उपन्यासले प्रस्ट्याएका छन् । किराती समाजमा जीवनसाथी छान्ने स्वतन्त्रता रहेको र उमेर पुगेका केटाकेटी आपसमा मनपराएर बिहे गरेमा त्यसलाई निश्चित रित पुऱ्याएर सामाजिक-सांस्कृति वैधता प्रदान गर्ने गरिएको देखाइएको छ । किराती समाजमा चाडपर्व, जन्म, विवाह, मृत्यु जस्ता संस्कार, पाहुनाको स्वागत, खेतीपाती, खुसियाली आदिमा जाँडरक्सी तथा मासुको प्रयोग हुन्छ भन्ने पनि देखाइएको छ । किरातीहरु नाचगानमा रमाउँछन्, उनीहरूसँग आफ्नै प्रकारका लोकगीत, लोकनाचहरु रहेका छन् भन्ने कुराको चित्रण पनि यी उपन्यासमा पाइन्छ । किराती समाजमा लोकतान्त्रिक/गणतन्त्रात्मक शासन व्यवस्थाको अवशेष पाइन्छ । किराती समाजमा घरपरिवारमा तथा समाजमा कुनै महत्वपूर्ण निर्णय लिनु पर्दा परिवार तथा समाजका सबैको राय सल्लाह लिने गरिएको विषय विभिन्न उपन्यासमा आएका छन् । यसप्रकारको व्यवस्थाबाट किराती समाजमा आफ्नै प्रकारको लोकतान्त्रिक शासनव्यवस्था रहेछ भन्ने देखिन्छ । त्यसरी नै नेपालका किरातीहरूका सांस्कृतिक परम्परा, किंवदन्ती, मन्त्रहरूमा मानवविकासको इतिहासको झलक पाइन्छ । यी उपन्यासहरूमा नेपालमा गैरकिराती शासकले किरातीहरूको भाषिक, सांस्कृतिक, राजनीतिक, आर्थिक आदि अधिकारमाथि हस्तक्षेप गरेको विषयलाई उठाउँदै आदिवासी किरातीहरूले आफ्ना गुमेका हक, अधिकारको प्राप्तिका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने कुरामा जोड दिइएको छ । समग्रमा हेर्दा किरातकेन्द्री समकालीन नेपाली उपन्यासले किरातीका विभिन्न विषय र विशेषताको चित्रण गरेका छन् तर त्यो पर्याप्त भने देखिँदैन ।

**सन्दर्भ सामग्रीसूची**


अर्जेल, ऋषिराम (२०४२), *माझकिरात*, भोजपुरः राजेन्द्र प्रधान ।

आभूषण, विष्णु (२०५१), *अनायास*, काठमाडौँः साहित्य सञ्चार समूह ।

कोइराला, विश्वेश्वरप्रसाद (२०२७) *सुम्निमा*, काठमाडौँः प्रतिनिधि साहित्य प्रकाशन ।

चोङवाङ, हर्कराज (२०६२), *मंगोल किरातहरूको उत्पत्ति,* काठमाडौँः भरतमणि चोङवाङ ।

प्रधानाङ्ग, खगेन्द्र (२०५०), *हारी*, काठमाडौँः ने.रा.प्र.प्र.।

प्रपन्नाचार्य, स्वामी (डा.) (२०५१), *प्राचीन किरात इतिहास*, वाराणसीः किरातेश्वर प्रकाशन

बराल, ईश्वर, प्रधान, कृष्णचन्द्र सिंह, लोहनी, श्रीधर, रेग्मी, जगदीशचन्द्र, शर्मा, जनकलाल, जोशी,

कुमारबहादुर, पोखरेल, माधव (सम्पा.) (२०५५), *नेपाली साहित्यकोश.* काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.
बाङ्देल, लैनसिंह (२००४), *मुलुक बाहिर*, दार्जिलिङः साहित्य सम्मेलन ।
मुकारूङ, राजन (२०७०), *हेत्छाकुप्पा*, तेस्रो संकरण (प्रथम संकरण २०६५), काठमाडौँः फिनिक्स बुक्स ।
मुकारूङ, राजन (२०६९), *दमिनी भीर*, काठमाडौँः फिनिक्स बुक्स ।
रसिक, गणेश (२०७६), *आकाशगंगाको ओतमुनि,* काठमाडौँः साङ्ग्रिला बुक्स ।
राई, चतुरभक्त (२०६४), "किरात धर्म, संस्कृति र राज्यको पुनः संरचनामा संविधानसभाले सम्बोधन गर्नुपर्ने कुराहरू", सुम्निमा पारूहाङ (वर्ष ४, अङ्क ४, ०६४/०६५) ।
राई, भूपाल, सुवेदी, धनप्रसाद, चाम्लिङ, भोगीराज (२०६६), *किराती सौन्दर्यशात्रको अवधारणा*, काठमाडौँः किरात एकेडेमी नेपाल ।
राई, शिवकुमार (२०५१), *क्षितिज पारीमा*, काठमाडौँः तारा राई र शान्ति राई ।
विरही, मोहन (२०५९), *गाउँले नानी*, सुनसरीः श्रीमती पवित्रा राजभण्डारी ।
शर्मा, तारानाथ (२०२३), *ओभेल पर्दा*, काठमाडौँः रत्न पुस्तक भण्डार, ।
शातासक, शालिक (२०५९), *प्यारूला,* भक्तपुरः सूर्यरीता खापुङ (लिम्बू) ।
सिंह, रूपनारायण, (ई १९३६), *भ्रमर*, दार्जिलिङः साहित्य सम्मेलन ।
सुवेदी, धनप्रसाद (२०७८), *सानो स्वार्थ भयङ्कर अपराध*, दोस्रो संस्करण, काठमाडौँः कौशिकी साहित्य प्रतिष्ठान ।